AMNESTY INTERNATIONAL

AMNESTY INTERNATIONAL NEPAL SECTION
Amnesty Marga, Basantanagar
P. O. Box 135, Balaju, Kathmandu, Nepal
T: +977 1 4364706 or 4365431 Fax: +977 1 4354987
E: info@amnestynepal.org W: www.amnesetynepal.org

मितिः २०८० असोज २६ गते

**३२ औं साधारण सभासम्बन्धी सर्कुलर २!!**

एम्नेस्टी इन्टरनेसनल नेपाल शाखामा आबद्ध समूह, युथ नेटवर्क र
निर्माणाधीन समूहका संयोजक र सदस्य तथा सम्पूर्ण समर्थक (इन्डिभिजुअल) सदस्यहरू,

**विषय : एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको ३२ औं साधारण सभा स्थलसम्बन्धी जानकारी र साधारण सभामा सहभागी हुने प्रतिनिधि सिफारिस गरी पठाउने सम्बन्धमा।**

मिति **२०८० मंसिर १५ र १६ गते (१ र २ डिसेम्बर २०२३)** आयोजना हुन लागिरहेको एम्नेस्टी इन्टरनेसल नेपाल शाखाको **३२ औं साधारण सभा** लुम्बिनी प्रदेशको दाङ जिल्लामा आयोजना गरिने व्यहोरा यहाँहरू सबैमा यसैसाथ जानकारी गराइन्छ। कारणवस दाङमा साधारण सभा आयोजनाका लागि प्राविधिक वा अन्य कुनै समस्या हुने देखिएमा लुम्बिनी प्रदेशकै अन्य उपयुक्त स्थानमा ३२ औं साधारण सभा आयोजना गरिने व्यहोरा यहाँहरूमा अनुरोध छ। थप जानकारी र विवरणहरू यहाँहरूलाई क्रमशः प्रदान गरिने छ।

यस ३२ औं साधारण सभामा सहभागिताका लागि **मिति २०८० कार्तिक ३० गते भित्र** आ-आफ्नो समूह र युथनेटवर्कबाट प्रतिनिधि तोकिएको ढाँचाको फारममा सिफारिस गरी समूह/युथनेटवर्कको कार्यसमिति निर्णयको प्रतिलिपि समावेश गरी राष्ट्रिय सचिवालयमा पठाउन यसैसाथ अनुरोध गरिन्छ। पुनश्चः एम्नेस्टी नेपाल शाखाको विधान, २०५८ (सन् २००५) को सातौं संशोधन २०७८ (सन् २०२१) को दफा ९.३. को उपदफा (१) को (ग) र (घ) अनुसार साधारण सभामा सहभागिताका लागि अनिवार्य एकजना महिलासहित दुई जना प्रतिनिधि पठाउनुपर्ने व्यवस्था भएकोले सोहीअनुसार गर्नहुन पनि अनुरोध छ।

समर्थक सदस्यहरूको क्लस्टरबाट साधारण सभामा सहभागी हुने दुई जना प्रतिनिधिहरूको चयनको प्रकृया दशैं पर्व लगत्तै अगाडि बढाइने छ र यससम्बन्धी थप जानकारी सबै समर्थक सदस्यहरूलाई केही दिनपछि राष्ट्रिय सचिवालयबाट प्रेशित हुनेछ। साथै साधारण सभासम्बन्धी अद्यावधिक जानकारीका लागि एम्नेस्टी नेपालको वेबपेजमा यहाँ निरन्तर भिजिट गर्दै गर्नुहुन पनि यसै साथ अनुरोध गरिन्छ।

धन्यवाद,

शचिता कुईंकेल
महासचिव, एम्नेस्टी इन्टरनेसनल नेपाल